पोखरा उपत्यका साइडसिन घुम्न जाऔं
घुमाउने ठाउँहरु
बेगनास-रुपा ताल, पचभैया बन्यजन्तु पार्क (चिडिया घर), पुम्दीकोट, स्तुपा, डेभिडफल, भ्यूटावर, चमेरे गुफा, बिन्दवासिनी मन्दिर, माउन्टेन म्यूजियम लगायतका ठाउँहरु साथै मुक्तिनाथ जान आउनको लागि बसको सुबिधा।
गाडी छुट्ने समय बिहान ९:३० बजे
सम्पर्कः मानसरोबर टुर्स एण्ड ट्राभल्स
061-544439, 589012, 9856051659
9856034631, 9856082622

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २६ ❑ अङ्क १०५ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ बैशाख १५ गते सोमबार ❑ 28 April 2025 ❑ पृष्ठ ४ ❑ मूल्य रु. ५ ।-

## श्रम तथा रोजगार कार्यालय पोखराबाट ९ महिनामा ३८ हजारले श्रम स्वीकृति लिए

**पोखरापत्र संवाददाता**
पोखरा, १४ बैशाख

श्रम तथा रोजगार कार्यालय पोखराबाट चालु आर्थिक बर्षको ९ महिनामा ३८ हजार ५ सय १३ जनाले श्रम स्वीकृती लिनु भएको छ।

१३६ औं अन्तराष्ट्रिय श्रम दिवस २०८२ श्रम कानून तथा श्रम सम्बन्धि विविध बिषयमा आइतबार पोखरामा आयोजित पत्रकारसंग अन्तर कृया कार्यक्रममा श्रम तथा रोजगार कार्यालय पोखराले उक्त तथ्याङ्क सार्वजनिक गरेको हो । यस चालु आर्थिक बर्ष २०८१/०८२ को चैत मसान्तरसम्ममा यस कार्यालयबाट ४ हजार ८ सय २३ जना महिला सहित ३८ हजार ५ सय १३ जनाले बैदेशीक रोजगारको लागि श्रम स्वीकृत लिनु भएको श्रम तथा रोजगार कार्यालय पोखराका प्रमुख सुरेश ढकालले बताउनु भयो।



त्यसै गरी ३३ हजार ६ सय ८१ जना पुरुषले बैदेशीक रोजगारको लागि श्रम स्वीकृत लिनु भएको उहाँले जनाउनुभयो। पछिल्लो समयमा महिलाहरु पनि रोजगारको लागि विदेश जाने क्रम बढ्दो रुपमा रहेको छ। उक्त कार्यालयबाट चालु बर्षको चैत मसान्तरसम्म महिलाले १२.५ प्रतिशतले बैदेशीक रोजगारको लागि श्रम स्वीकृत लिदा पुरुषले भने ८७.५ प्रतिशतले बैदेशीक रोजगारको लागि श्रम स्वीकृत लिनु भएको कार्यालयले जनाएको छ।

९ महिनाको अवधिमा सबै भन्दा धेरै कार्तिक महिनामा ५ हजार ९ सय ९ जना पुरुषले बैदेशीक रोजगारको लागि श्रम स्वीकृत लिनु भएको छ भने उक्त महिनामा ७ सय ५० जना महिलाले बैदेशीक रोजगारको लागि श्रम स्वीकृत लिनु भएको प्रमुख ढकालले जनाउनुभयो । त्यसै गरी सबै भन्दा कम साउनमा २ हजार ९ सय १८ जना पुरुषले बैदेशीक रोजगारको लागि श्रम स्वीकृत लिनु भएको छ भने सबै भन्दा कम असोजमा ३ सय ७० जना महिलाले बैदेशीक रोजगारको लागि श्रम स्वीकृत लिनु भएको हो ।

श्रमिकको न्यूनतम पारिश्रमिक कार्यान्वयन नगर्ने होटेल रेष्टुरेण्ट लगायत प्रतिष्ठानहरुमा कार्यक्रम संचालन नगर्ने नगराउने एवं न्युनतम पारिश्रमिक कार्यान्वयन गर्ने, बाध्यकारी तथा बालश्रम निषेध गर्ने, श्रमिकहरुलाई सामाजिक सुरक्षा कोषमा आवद्धता लगायतका विषयहरु कार्यान्वयनको लागि कार्यालयको कार्यक्षेत्र भित्र रहेका संधीय कार्यालयहरु, प्रदेश सरकार तथा स्थानीय तहहरुसंग आवश्यक समन्वय एवं सहजिकरण गरी सो विषयको सचेतना, जानकारी तथा सूचना प्रवाह गर्नका लागि निर्देशन गरिएको कार्यालयले जनाएको छ।

उक्त विषयहरुका सम्बन्धमा संघीय सरकार अन्तर्गतका कार्यालयहरु, प्रदेश सरकार तथा प्रदेश सरकार अन्तर्गतका कार्यालयहरु र स्थानीय तहहरुबाट कार्यक्रम गर्दा कार्यक्रम हुने होटल, रेष्टुरेण्ट लगायतका प्रतिष्ठानहरुमा कार्यरत श्रमिक कामदार कर्मचारीहरुलाई श्रम ऐन २०७४ तथा श्रम नियमावली २०७५ मा व्यवस्था भए बमोजिम न्युनतम पारिश्रमिक (१७ हजार ५ सय) दिएको, बालश्रम नरहेको र सामाजिक सुरक्षा कोषमा सूचिकृत भई सामाजिक सुरक्षा कोषमा आबद्धता भएको सुनिश्चितता गरेर मात्रै कार्यक्रम संचालन गर्नुहुन मन्त्रालयबाट पत्रचार समेत गरिएको अबस्था रहेको प्रमुख ढकालले जनाउनुभयो ।

जिल्ला समन्वय समिति कास्कीको सभाहलमा आयोजित कार्यक्रममा बोल्दै जिल्ला समन्वय अधिकारी नवराज बरालले राज्यले ल्याएका श्रमजीवी र कर्मचारीका कानूनि व्यबस्था पालना गर्नुपर्नेमा जोड दिनुभयो।

## आफ्नो 'बेडरुम'सम्म विचौलियाको पहुँच छ भन्नेहरुलाई आरोप प्रमाणित गर्न प्रधानमन्त्रीको चुनौती

**रासस**
काठमाडौं, १४ बैशाख

प्रधानमन्त्री एवं नेपाल कम्युनिष्ट पार्टी (एमाले)का अध्यक्ष केपी शर्मा ओलीले आफ्नो बेडरुमसम्म विचौलियाको पहुँच छ भनेर लाञ्छित गर्नेहरू आरोप प्रमाणित गर्न चुनौती दिनुभएको छ।

मदनभण्डारी फाउण्डेशनको चौथो राष्ट्रिय सम्मेलनको आज यहाँ उद्घाटन गर्दै प्रधानमन्त्री ओलीले राजनीतिमा छिर्के दाउ हाल्ने, षड्यन्त्र गर्ने र झेली खेलाडीले लाजसरम पचाएर यस्ता आरोप लगाउँछन् भन्नुभयो । देशमा एमाले र नेपाली कांग्रेसको सहभागितामा सरकार बन्नु समयको आवश्यकता हो भन्दै उहाँले राजनीतिक स्थायित्व, विकास र सुशासनले गति लिन लागेका बेला सरकार र नेतृत्वविरुद्ध झुठा आरोप लगाउन थालिएको बताउनुभयो। "झुठा कुराको सहायतामा यस्तो विरोध गरिएको छ कि मानौं, सरकारले केही गरेको छैन । हामीले देश बर्बाद बनाइरहेका छौं?, हामीले कुनै अपराध गरिरहेका छौं?", प्रधानमन्त्री ओलीले प्रश्न गर्दै भन्नुभयो, "आजकाल नीलो रङका स्यालहरु निकै हाउभाउ गरिरहेका छन् । तिनीहरुको वास्तविक रुप लामो समय टिक्ने छैन। एमालेले आफूलाई आगामी निर्वाचनमार्फत निर्णायक राष्ट्रिय शक्तिमा रुपान्तरण गर्ने लक्ष्यमा छौं । हामी हाम्रा सही विचार, इमान र सत्यको राजनीतिबाट स्थापित हुन्छौं।"

नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा थाइल्याण्डबाट फर्केपछि सरकार ढल्छ भनेर भ्रम फैलाउनेहरुको टाउकामा अहिले चिसो पानी खन्याइएको महसुस भएको उहाँले टिप्पणी गर्नुभयो।

पार्टीभित्रको राजनीतिका हकमा धेरै आलोचनात्मक चेतमा जोड दिनु नपर्ने उल्लेख गर्दै प्रधानमन्त्रीले विश्लेषणात्मक चेत राख्न सुझाव दिनुभयो। "पार्टीभित्र एकताको चेत चाहिन्छ । विरोधीको आरोपको खण्डन गर्नुपर्छ । विरोधीसँग लड्न नसक्ने अनि पार्टीभित्र आलोचनात्मक चेत बोक्ने बाटो सही बाटो होइन", उहाँले भन्नुभयो।

## ओपिडी सेवा बन्द भएपछि बिरामी मर्कामा

**पोखरापत्र संवाददाता**
म्याग्दी, १४ बैशाख

सदरमुकाम बेनीस्थित प्रदेश अस्पतालमा बहिरङ्ग (ओपिडी) सेवा बन्द भएपछि बिरामी मर्कामा परेका छन् ।

आवासीय चिकित्सकको आन्दोलनको न्यायोचित र व्यावहारिक माग सम्बोधन नभएपछि नेपाल चिकित्सक सङ्घले आह्वान गरेको आन्दोलनमा ऐक्यबद्धता जनाउँदै प्रदेश अस्पतालमा कार्यरत चिकित्सकले शुक्रबारदेखि ओपिडी सेवा बन्द गरेका हुन् ।

आन्दोलनका कारण ओपिडीमा आएका बिरामी उपचार नपाएर फर्कन बाध्य भएका छन् । गण्डकी प्रदेशमा पहिलोपटक दुई वर्षअघिदेखि प्रदेश अस्पताल बेनीमा शनिबार र सार्वजनिक बिदाका दिनसमेत सेवा सञ्चालन हुनेगरी बिहान ७:०० देखि बेलुका ८:०० बजेसम्म १३ घण्टे बहिरङ्ग सेवा विस्तार भएको थियो ।

शनिबार बिहानै अस्पतालमा उपचार गराउन आए पनि ओपिडी सेवा बन्द भएपछि उपचार नगराइकनफर्कनुपरेकोधवलागिरि गाउँपालिका-२ लुलाङबाट सेवा लिन आउनुभएका भबिराम विकले बताउनुभयो ।

"अस्पतालमा उपचार नहुने भएपछि अब बाहिर क्लिनिकमा जाँच गर्नुपर्ने भयो, घरमा नियमित प्रयोग गर्ने औषधिसमेत पाउन सकिएन", उहाँले भन्नुभयो। शुक्रबारदेखि नै अस्पतालको ओपिडी सेवा बन्द भएपछि गाउँगाउँबाट उपचार

बाँकी अन्तिम पृष्ठमा ▶▶

## पोखरामा तीन खानेपानी आयोजना एकसाथ निर्माण हुँदै

**पोखरापत्र संवाददाता**
पोखरा, १४ बैशाख


कास्कीको पोखरा महानगरपालिका-११, २१ र ३३ मा तीन ठूला खानेपानी आयोजना निर्माण हुने भएका छन् ।

पोखरा-११ मा जलवायु अनुकूलित बृहत् आयोजनाअन्तर्गत काँहुधरहरा खानेपानी आयोजना, पोखरा-२१ र ३३ लाई समेट्ने गरी केन्द्रीय खानेपानी आयोजनाअन्तर्गत बृहत् भरतपोखरी-निर्मलपोखरी-कृष्ती खानेपानी आयोजना र मट्टीखान खानेपानी आयोजना निर्माणका लागि प्रक्रिया अगाडि बढेको हो । आयोजना निर्माण, सञ्चालन र कार्यान्वयन गर्न सङ्घीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना पोखराका आयोजना प्रमुख पदमबहादुर कुँवर क्षेत्री, पोखरा महानगरपालिका प्रमुख प्रशासकीय अधिकृत शिवराज चौलागाईं र तीनवटै खानेपानी आयोजनाका अध्यक्षले बिहीबार त्रिपक्षीय समझदारी गरेका थिए ।

लागत साझेदारीमा बन्ने ती आयोजनामार्फत काँहुँडाँडा, कृष्ती, भरतपोखरी, निर्मलपोखरी, मट्टीखानलगायत क्षेत्रमा खानेपानीको सहज सेवा पुग्ने छ । बृहत् भरतपोखरी-निर्मलपोखरी-कृस्ती खानेपानी आयोजना निर्माणका लागि रु ५१ करोड ७७ लाख ७६ हजार कुल लागतमध्ये पहिलो चरणमा अर्थ मन्त्रालयबाट रु २८ करोड ४९ लाख ९१ हजार स्रोत सुनिश्चित भई कार्यान्वयनको चरणमा रहेको जनाइएको छ।

काँहुधरहरा खानेपानी आयोजनाका लागि रु ४९ करोड १७ लाख मध्ये रु २१ करोड छ लाख २४ हजार र मट्टीखान खानेपानी आयोजनाको रु २८ करोड ५४ लाख ६५ हजारमध्ये रु १९ करोड ७६ लाख ४१ हजार अर्थ मन्त्रालयले स्रोत सुनिश्चित गरेको छ । समझदारीअनुसार स्रोत सुनिश्चित भई कार्यान्वयनमा गइसकेपछि चालु आवमा पोखरा महानगरपालिकाले कुल लागतको १० प्रतिशत रकम बेहोर्ने छ। तीनवटै परियोजनाको कुल लागत रु एक अर्ब २९ करोड ४९ लाख ५८ हजार लाग्ने अनुमान छ। परियोजनाको कुल लागतको ९० प्रतिशत सङ्घीय खानेपानी तथा ढल व्यवस्थापन आयोजनाले खर्च गर्ने जनाइएको छ।

बृहत् भरतपोखरी-निर्मलपोखरी-कृस्ती खानेपानी आयोजनाअन्तर्गत पोखरेल थोकमा निर्माणाधीन अत्याधुनिक पानी प्रशोधन केन्द्रमा पानी सङ्कलन तथा प्रशोधन गरी १७ किमी सिमलेससहित ३५ किमी पाइपमार्फत उपोक्ताको घरघरमा पानी पुर्‍याइने आयोजना प्रमुख क्षेत्रीले बताउनुभयो । उक्त आयोजनाबाट करिब २४ सय घरपरिवार लाभान्वित हुने उपभोक्ता समितिका अध्यक्ष दाताराम आचार्यले जानकारी दिनुभयो। उक्त आयोजनामा दुई सय, एक सय, ७५, ५० र २० घन मिटरका ११ पानी ट्याङ्की निर्माण हुनेछन् । यस्तै काँहुधरहरा खानेपानी आयोजनामा काँहुमा प्रशोधन केन्द्र निर्माण गरी १७ किमी पाइप लाइनमार्फत उपभोक्ताको घरघरमा पानी पुर्‍याइने छ । करिब एक हजार ५०० घरपरिवार लाभान्वित हुने यो आयोजनाअन्तर्गत तीन सय घनमिटरको एक र एक सय घनमिटरका दुईवटा ट्याङ्की निर्माण गरिने छ। मट्टीखान खानेपानी आयोजनाअन्तर्गत सेतीखोलाबाट पानी पम्पिङ गरी स्याङ्जाको फेदीखोला गाउँपालिकाको नुवाकोटमा पानी सङ्कलन गरी मट्टीखान क्षेत्रमा वितरण गरिने छ। यस आयोजनामा ३५ किमी पानीको पाइप लाइन विस्तार हुने छ । विभिन्न ठाउँमा एक सय ५० र ३५ घनमिटर क्षमताका आठवटा पानी ट्याङ्कीमार्फत आयोजनाले एक हजार २०० घरपरिवारलाई पानी वितरण गर्ने छ। चालु आर्थिक वर्षबाटै योजना सञ्चालन गर्नेगरी सङ्घीय खानेपानी तथा ढल व्यवस्थापन आयोजनाले गत फागुनमा बोलपत्रसमेत आह्वान गरिसकेको छ। तीनवटै आयोजना सम्पन्न भएपछि पाँच हजार घरपरिवार प्रत्यक्ष रूपमा लाभान्वित हुने जनाइएको छ। आयोजना कार्यान्वयन भएको मितिले ३० महिनाभित्र सम्पन्न गर्ने लक्ष्य लिइएको छ। 'एक घर, एक धारा' लक्ष्यअनुसार यी आयोजना निर्माण हुन लागेका हुन्। पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यले नगरवासीलाई आधारभूत खानेपानीको उपलब्धताका लागि महानगर लागिपरेको बताउनुभयो । महानगर क्षेत्रमा सङ्घ, प्रदेश र महानगरस्तरीय विभिन्न आयोजना सञ्चालन भइरहेको उहाँले भनाइ छ। "पोखरा महानगरपालिकाको भूगोल विविधतायुक्त छ, यहाँ समथर मैदानदेखि अग्ला पहाडी भेग छन्, सबै स्थानमा खानेपानीको सहज उपलब्धता हुन नसकिरहेका बेला यी आयोजना सञ्चालन गर्ने चरणमा हामी आइपुगेका छौं", उहाँले भन्नुभयो, "ठूलो लगानीका आयोजनामा जनसहभागिता जुटाउन निकै कठिन छ, तसर्थ नागरिकको संवैधानिक अधिकारको प्रत्याभूतिका लागि पनि यसको दायित्व महानगरपालिकाले लिनुपर्छ भन्ने मान्यताका साथ हामीले प्रतिबद्धतासहित अग्रसरता लिएका छौं।" 'जी टु जी' अवधारणामा उपभोक्ताको तर्फबाट बेहोर्नुपर्ने १० प्रतिशत जनसहभागिताबापतको रकम महानगरपालिकाले सङ्घीय खानेपानी तथा ढल व्यवस्थापन आयोजनालाई उपलब्ध गराउने महानगर प्रमुख आचार्यले बताउनुभयो।



# काठमाडौंका मेयर बालेन शाह कास्कीको गण्डकी ट्राउट फार्ममा

पोखरापत्र संवाददाता
पोखरा, १४ बैशाख

काठमाडौंका मेयर बालेन शाह कास्कीको गण्डकी ट्राउट फार्ममा पुग्नु भएको छ। पारिवारीक भ्रमणमा पोखरामा आउनु भएको मेयर शाह आफ्नो परिवारको साथमा कास्की माछापुच्छ्रे गाउँपालिका स्थित गण्डकी ट्राउट फार्ममा पुग्नु भएको हो।

माता तिर्थ औशी(आमाको मुख हेर्ने) दिनको अघिल्लो दिनमा उक्त फार्म पुग्नु भएको मेयर शाह एक रातको बसाई पश्चात पोखरा फर्किनु भएको हो।




मेयर शाह उक्त फार्ममा आएको थाहा पाएसंगै शनिबार उक्त फार्म एवं रेष्टुरेण्टमा बेलुकासम्म उहाँलाई भेट्ने र फोटो खिच्नेहरुको अत्याधिक भिड नै लागेको गण्डकी ट्राउट फार्मका संचालक लक्षिन गुरुङले बताउनु भएको छ। उहाँका अनुसार शनिबार करिब मध्यान्हः १२:३० बजे उक्त फार्ममा पुग्नु भएको मेयर शाह सहितको उहाँको परिवार आज बिहानको खाजा खाएर पोखरा तर्फ फर्किएको हो। युवादेखि किशोर किशोरीहरुले मेयर शाहसंग फोटो खिच्न घण्टौं उक्त फार्ममा बेलुकीसम्म कुरे पनि मेयर शाह पारिवारीक घुमघाममा आएकोले खासै अन्य व्यक्तिहरुसंग वोलचाल र फोटो खिच्न बाहिर ननिस्किनु भएको श्रोतको भनाई छ।

मेयर शाहका दाजु पटक पटक उक्त फार्ममा यस अघि देखि आउनु भएको तथा मेयर शाह समेत विगत ५ बर्ष अघि आउनु भएको ट्राउट फार्मका संचालक अमृत र लक्षिन गुरुङ समक्ष बताउनु भएको थियो।

उहाँको टिमलाई फार्मको तर्फबाट खादा लगायर स्वागत गरिएको थियो। फार्मका संचालक एवं कर्मचारीसंग मेयर शाहले सामुहिक फोटो समेत खिच्नु भएको थियो। बुबाआमा, दाजु भाउजु, दिदी भिनाजुसँगै पत्नी र छोरी सहित १३ सदस्य उहाँको टिम एक साता पोखरा भ्रमणमा आउनु भएको हो।

# गण्डकी कोटिहोममा रेनु दाहालको उपस्थितिमा महायज्ञको उत्सव

पोखरापत्र संवाददाता
पोखरा, १४ बैशाख

गण्डकी कोटिहोममा सोमबार वैशाख १५ गते भरतपुर महानगरपालिकाकी प्रमुख रेनु दाहालको सहभागितामा विशेष कार्यक्रम आयोजना हुँदैछ।

यो अवसरले गण्डकी कोटिहोमको सामाजिक र धार्मिक पहलहरूलाई थप प्रेरणा प्रदान गर्ने अपेक्षा गरिएको छ। प्रमुख दाहालको उपस्थितिले कार्यक्रमको महत्त्व र सम्मानलाई अझ उजागर गर्नेछ। साथै, गण्डकी कोटिहोममा ४१ दिनसम्म निरन्तर चल्ने महायज्ञले व्यापक ध्यानाकर्षण गरेको छ। वैशाख ३ गते भूमिपूजन र यज्ञकुण्ड निर्माण सम्पन्न भएको यस महायज्ञमा भक्तजनहरूलाई घ्यू, तील, तेल, देवदार, श्रीखण्डजस्ता सामग्री लिएर सहभागी हुन निम्तो दिइएको छ। सुश्री अनुराधा पाण्डेय र अन्तर्राष्ट्रिय कथा प्रवक्ता देवी प्रतिभाले कथा प्रवचन शुरू गरिसकेका छन् भने दीनबन्धु पोखरेल, चैतन्यकृष्ण



महाराज,सुप्रियाकिशोरीलगायतका धर्मगुरुहरूले पनि कथावाचनमा सहभागिता जनाउनेछन्। महायज्ञ अवधिभर भजन, सत्सङ्ग, पूजापाठ, आरती र सांस्कृतिक प्रस्तुतिहरू आयोजना हुनेछन्। आयोजकले सामाजिक सञ्जाल भिडियो प्रतियोगिता, राष्ट्रिय भजन प्रतियोगिता र वक्तृत्वकला प्रतियोगिताको व्यवस्था गरेको छ, जसले सांस्कृतिक सहभागिता र रचनात्मक अभिव्यक्तिलाई प्रोत्साहन गर्नेछ। देश-विदेशबाट लाखौं भक्तजनको उपस्थिति अपेक्षित छ। दैनिक कथा वाचन र सामाजिक कार्यमार्फत गण्डकी कोटिहोममा सामाजिक जागरण र सांस्कृतिक संरक्षणलाई प्रवर्द्धन गर्दै आएकी देवी प्रतिभाको यो धार्मिक र सामाजिक योगदानले समाजमा सकारात्मक प्रभाव छोड्ने विश्वास गरिएको छ। प्रमुख दाहालको उपस्थितिसहित यो महायज्ञले गण्डकी कोटिहोमको प्रयासलाई थप सशक्त बनाउने अपेक्षा गरिएको छ।

# कस्केली अधिकृत समाजको प्रवर्द्धनात्मक भ्रमण सम्पन्न

पोखरापत्र संवाददाता
पोखरा, १४ बैशाख

कस्केली अधिकृत समाजको आयोजनामा शनिबार कास्की र लम्जुङ जिल्लाका विभिन्न धार्मिक पर्यटकीय स्थलको प्रवर्द्धनात्मक भ्रमण सम्पन्न भएको छ।

समाजको वार्षिक कार्यक्रम अन्तर्गत कास्की र आसपासका विभिन्न धार्मिक ऐतिहासिक पर्यटकीय स्थलहरूको प्रवर्द्धनात्मक भ्रमण सञ्चालन गरिहेकोमा यस वर्ष कास्की र लम्जुङ जिल्लाका केही पर्यटकीय गन्तव्यलाई समेटिएको समाजका अध्यक्ष चन्द्रबहादुर सुवेदीले जानकारी दिनुभयो।



उहाँका अनुसार यस वर्ष लम्जुङको गाउँशहरस्थित लम्जुङ दरबार, मध्यनेपाल नगरपालिकास्थित इशानेश्वर महादेव मन्दिर करापुटार, मर्स्याङ्दी गाउँपालिकास्थित हर्क गुरुङ समाधिस्थल पार्क, अपर मस्याङ्दी पावरहाउस बाँध डादी, कास्कीको रुपातालस्थित जलसिद्ध महादेव लगायतका धार्मिक, ऐतिहासिक एवम् पर्यटकीय गन्तव्य समेटिएको हो। प्रवर्द्धनात्मक भ्रमणका माध्यमबाट विभिन्न गन्तव्यहरूको पर्यटन बजारमा प्रचारप्रसार गर्ने उद्देश्यका साथ वर्षेनी कार्यक्रमहरू सञ्चालन गरिदै आइएको उल्लेख गर्दै उहाँले आर्थिक समृद्धिका लागि पर्यटकीय गन्तव्यहरूको प्रवर्द्धन एवम् आन्तरिक तया बाह्य पर्यटकहरूको आकर्षण बढाउनुपर्ने बताउनुभयो। कार्यक्रमकै क्रममा मर्स्याङ्दी गाउँपालिकामा आयोजित कार्यक्रममा मर्स्याङ्दी गाउँपालिकाका अध्यक्ष अर्जुन गुरुङले लम्जुङ जिल्लाका धेरै पर्यटकीय गन्तव्यहरू पर्यटन प्रवर्द्धनको पर्खाइमा रहेको बताउनुभयो। डा.हर्क गुरुङ समाधिस्थल पार्कका अध्यक्ष एवम् मर्स्याङ्दी गाउँपालिका वडा नं ७ का वडा अध्यक्ष तीलबहादुर गुरुङले डा. हर्क गुरुङको योगदानलाई जीवन्त राख्न समाधिस्थल पार्क बनाइएको जानकारी दिनुभयो। समाजका सचिव महेश पौडेलले समाजको यस कार्यक्रमले लम्जुङ दरबारको ऐतिहासिकता, इशानेश्वर महादेवको धार्मिक एवम् सांस्कृतिक महत्वका साथै यस क्षेत्रका विविध पर्यटकीय सम्भावनालाई उजागर गर्न खोजेको बताउनुभयो। कास्की जिल्लामा जन्मस्थान भई निजामति एवम् नेपाल सरकारको पूर्ण स्वामित्व रहेका सार्वजनिक संस्थानमा अधिकृत वा सो भन्दा माथिल्लो तह एवम् श्रेणीमा आवद्ध करिब ४५० अधिकृत कर्मचारीहरू आजीवन सदस्यका रुपमा समाजमा आवद्ध रहेको उहाँले जानकारी दिनुभयो। समाजले सामाजिक उत्तरदायित्व अन्तर्गत पनि विभिन्न किसिमका कार्यक्रम सञ्चालन गरिरहेको उहाँले जानकारी दिनुभयो। समाजले यस अघि स्याङ्जाको नुवाकोट, बाग्लुङको पञ्चकोट, बाग्लुङ कालिका मन्दिर, स्याङ्जा तथा पर्वतका डहरे देउराली, अन्धाअन्धी दह लगायतका स्थानको प्रवर्द्धनात्मक भ्रमण कार्यक्रम सम्पन्न गरिसकेको छ। यस वर्षको प्रवर्द्धनात्मक कार्यक्रममा ६० जनाको सहभागिता रहेको कार्यक्रम संयोजक वासुदेव पौडेलले जानकारी दिनुभयो।

पछिल्ला वर्षमा समाजका प्रवर्द्धनात्मक कार्यकममा आकर्षण बढीरहेको उहाँको भनाइ छ। कार्यक्रममा समाजका सल्लाहकारहरू दुर्गाबहादुर शाह(बाबा), प्रेमप्रकाश गौतम, बिष्णुप्रसाद बराल, शिबहरि शर्मा, कर्मचारी मिलन केन्द्र कास्कीका अध्यक्ष लोकनाथ आचार्य, लोक गायिका प्राज्ञ हरिदेवी कोइराला लगायतको सभागिता थियो।

# लायन्स कप भलिबल खेल्न इरानी टोली पोखरा आइपुग्यो

पोखरापत्र संवाददाता
पोखरा, १४ बैशाख

प्रथम लायन्स कप राष्ट्रिय तथा अन्तर्राष्ट्रिय आमन्त्रित पुरुष भलिबल च्याम्पियनसिप खेल्न इरानी टोली पोखरा आइपुगेको छ।

बैशाख १८ गतेदेखि पोखरामा हुने च्याम्पियनसिपका लागि इरानीको इरान भलिबल क्लब आइतबार पोखरा आइपुगेको लायन्स इन्टरनेशनल डिस्ट्रिक्ट ३२५ एम नेपालका डिस्ट्रिक्ट गभर्नर चण्डीप्रसाद अर्यालले जानकारी दिए। इरानी टोलीमा राष्ट्रिय स्तरमै खेलेका खेलाडीहरु समावेश रहेको अर्यालले बताए। प्रतियोगितामा इरानी र भारतीय टोलीसहित ६ टोलीले सहभागिता जनाउने छन्। भारतको टोलीको बैशाख १६ गते पोखरा आइपुग्ने डिस्ट्रिक्ट गभर्नर अर्यालले बताए। नेपालका ३ विभागीय र गण्डकी प्रदेशले प्रतियोगितामा सहभागिता जनाउनेछन्। पोखरामा पहिलोपटक इन्डोरमा भलिबल हुन लागेको हो। सहभागी ६



टोलीलाई दुई समूहमा विभाजन गरेर लिग खेल खेलाइनेछ। लिगपछि दुवै समूहमा शीर्ष दुईमा रहने टोलीले सेमिफाइनल खेल्नेछन्।

बैशाख २२ गतेसम्म चल्ने प्रतियोगिताको विजेताले ४ लाख ४४ हजार ४ सय ४४ रुपैयाँसहित ट्रफी, मेडल तथा प्रमाणपत्र पाउनेछन्। उपविजेता टोलीलाई २ लाख ४४ हजार ४ सय ४४ रुपैया प्रदान गरिने आयोजकले जनाएको छ।

प्रतियोगितामा तेस्रो हुने टिमले १ लाख ४४ हजार ४ सय ४४ रुपैयाँ पाउनेछन्। प्रतियोगितामा सर्वोत्कृष्ट खेलाडीले १४ हजार ४ सय ४४ र विधागततर्फका उत्कृष्ट खेलाडीले जनही ८ हजार ४ सय ४४ पाउनेछन्।

प्रतियोगिता अनुमानित बजेट ८० लाख रहेको र प्रायोजकहरु र टिकट विक्रीबाट उक्त रकम उठाउने आयोजकले जनाएको छ। लायन्स क्लबको स्थापना अन्तर्राष्ट्रियस्तरमा १०७ वर्ष र नेपालमा ५३ वर्ष पूरा भएको परिप्रेक्ष्यमा नेपालको राष्ट्रिय खेल भलिबलाई प्रवर्द्धन गर्ने उद्धेश्यले यो प्रतियोगिता आयोजना गर्न लागिएको डिस्ट्रिक्ट गभर्नर अर्यालले जानकारी दिए।

# विश्व टेबल टेनिस दिवसमा खुल्ला टेबल टेनिस प्रतियोगिता सम्पन्न

पोखरापत्र संवाददाता
पोखरा, १४ बैशाख

विश्व टेबल टेनिस दिवस २०२५ को अवसरमा कास्की जिल्ला टेबल टेनिस संघको आयोजनामा शनिबार खुल्ला टेबल टेनिस प्रतियोगिता सम्पन्न भयो।




प्रतियोगितामा मेन्स सिङ्गल, ब्वाईज सिङ्गल, गर्ल्स सिङ्गल र क्याडेट ब्वाईज सिङ्गल विधामा प्रतिस्पर्धा गराइएको थियो। जस्मा मेन्स सिङ्गलमा प्रथम दिपकराज गिरी, दोस्रोमा दिप निशान शाही, तेस्रोमा किसनजिसी र देव बहादुर भुजेल ब्वाईज सिङगलमा दिप निशान शाही प्रथम, कृतन थापा दोस्रो र तेस्रोमा आयुश गहतराज, गर्ल्स सिङ्गल तर्फ सेजल वानिया प्रथम, तृषा गुरुङ दोस्रो, सुष्मा गुरुङ र सक्रिया पोखरेल तेस्रो भएका थिए। त्यसै गरी क्याडेट ब्वाईज तर्फ प्रथम प्रिन्स गुरुङ, दोस्रो दिप्सन अधिकारी, युजिन गुरुङ र विधान पराजुली तेस्रो भएका थिए। कार्यक्रमका प्रमुख अतिथि, कास्की जिल्ला खेलकुद विकास समिति अध्यक्ष मिलन गुरुङ, विषेश अतिथि गण्डकी प्रदेश टेबल टेनिस संघका अध्यक्ष उत्तम जोशी लगायतले विजयी खेलाडीहरुलाई प्रमाणपत्र, मेडल वितरण गर्दै खेलाडिहरुलाई नियमित प्रशिक्षण गर्न र अनुशासनको पूर्ण पालना गर्न आग्रह गरेका थिए। विजयी खेलाडिहरुलाई नगद पुरस्कार सहित ट्रफि, मेडल र प्रमाणपत्र प्रदान गरिएको कास्की जिल्ला टेबल टेनिस संघका अध्यक्ष गौतम राज लामाले वताए।

# ओपिडी ...

गराउन आएका बिरामी उपचार नगराइकन फर्कनुपरेको छ। अस्पतालका डा रामु सापकोटाले गम्भीर समस्या भएका बिरामीलाई आकस्मिक कक्षबाट उपचार गरिएको र ओपिडी सेवा पूर्ण रूपमा बन्द भएको जानकारी दिनुभयो।

प्रदेश अस्पताल बेनीमा कार्यरत चिकित्सकले ओपिडी सेवा बन्द भएको सम्बन्धमा जिल्ला प्रशासन कार्यालयलाई समेत ध्यानाकर्षणपत्रमार्फत जानकारी गराएका छन्। आवासीय चिकित्सकलाई सरकारी आठौँ तह सरह मासिक निर्वाह भत्ता उपलब्ध गराउन माग राख्दै शुक्रबारदेखि आन्दोलन थालेपछि देशभरका सरकारी अस्पतालको ओपिडी सेवा प्रभावित बनेको छ।




# पोखरा विश्वविद्यालयको रजिष्ट्रारमा सहप्राडा थापा

पोखरापत्र संवाददाता
पोखरा, १४ बैशाख

पोखरा विश्वविद्यालयको रजिष्ट्रारमा सहप्राडा अजय थापा नियुक्त हुनुभएको छ।

पोखरा विश्वविद्यालय ऐन २०५३ को दफा २६ को उपदफा २ बमोजिम उपकुलपतिको सिफरिसमा प्रधानमन्त्री एवम् कुलपति केपी शर्मा ओलीले चारवर्षे कार्यकालका लागि रजिष्ट्रार पदमा थापालाई नियुक्त गर्नुभएको हो।

विश्वविद्यालय प्रशासन, शैक्षिक समन्वय र नीति निर्माणलगायतका क्षेत्रमा लामो अनुभव सँगाल्नुभएका थापा यसअघि विश्वविद्यालयको स्कुल अफ सोसल साइन्सका डिन हुनुहुन्थ्यो।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

## सुक्तिसुधा

आफुले कमाउनु भन्दा कम खर्च गर्ने गर ।

– पल क्लिथेरोई

## सम्पादकीय

# अस्थिरता हटाउने प्रयत्न

सत्ता गठबन्धन टुट्दैछ भनेर गरिएको प्रचार तत्कालका लागि खारेज भएको छासरकार तत्कालै ढल्दैछ भनेर गरिएका आशङ्का र गलत प्रचारलाई कामबाटै जवाफ दिन प्रधानमन्त्री केपी शर्मा ओली र सत्ता साझेदार दल नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा सहमत भएका छन् । दुवै दलका नेताहरूका अनुसार गठबन्धन र सरकारबारे फैलाइएको भ्रम निस्तेज पार्ने, गभर्नर नियुक्ति जतिसक्दो चाँडो गर्ने, सङ्क्रमणकालीन न्याय (टीआरसी) प्रक्रिया समयमै टुङ्ग्याउने विषयमा छलफल भएको छादुई दलका शिर्ष नेताको छलफलपछि गभर्नर नियुक्तिका लागि अर्थमन्त्री विष्णुप्रसाद पौडेलले कामु गभर्नर निलम ढुंगानालाई राष्ट्र बैंकका कार्यकारी निर्देशक गुणाकर भट्टको राजिनामा स्वीकृत गर्न निर्देशन दिएका छन । शिक्षक आन्दोलन टुङ्गो लगाउन नसक्दा अवस्था जटिल बन्दै गएको छ ।

राजनीतिक स्थिरता र सरकारको स्थायित्वका लागि बनेको सरकार ९ महिनामै फेरिने हल्ला सत्तापक्षदेखि प्रतिपक्षी दलका नेतासम्मले दिएको अभिव्यक्तिले राजनीतिक तरङ्ग उत्पन्न गराएको छा प्रधानमन्त्री ओली र सभापति देउवाबिच शनिबार राति बालुवाटारमा करिब २ घण्टाभन्दा बढी छलफल भएको छ । भेटवार्तामा ओली र देउवाका अलावा कांग्रेस नेता तथा गृहमन्त्री रमेश लेखक र उपप्रधानमन्त्री समेत रहेका एमाले उपाध्यक्ष विष्णु पौडेलसमेत सहभागी थिए । त्यसक्रममा सरकारबारे बढ्दो आशङ्का कम गर्न दुवै पक्षले उपयुक्त भूमिका निर्वाह गर्नुपर्नेमा नेताहरू सहमत भएका छन ।

शीर्ष नेताबिच विशेषगरी राजनीतिक वृत्तमा फैलाइएका हल्लाका सम्बन्धमा छलफल हुनका साथै तत्काल सरकारले गर्नुपर्ने कामबारे कुराकानी भएको दुवै दलका नेताको दावी छ । पछिल्लो पटक सरकार ढल्छ कि ढल्छ भनेर भएका प्रचार र छरिएका भ्रममा सत्यता छैन र यसलाई चिर्नेगरी दुई नेताबिच छलफल भएको अर्थमन्त्री विष्णु पौडेलले बताए पनि'गठबन्धनमा कुनै समस्या आउँदैन भनेर निश्चित हुने ठाउँ छैन । गृहमन्त्री रमेश लेखकले सरकारबारे कन्फ्युजन क्रियट गरिएकाले त्यसलाई चिर्दै अघि बढ्न र सहमतिहरू कार्यान्वयन तथा समस्या सम्बोधन गर्न दुवै नेता सहमत रहेको बताएर एक हदसम्म भ्रम हटाउन खोजेका छन ।

फैलाइएका भ्रमलाई सरकारले काममार्फत नै जवाफ दिनुपर्नेमा दुवै नेता सहमत भए पनि पार्टी भित्रको अविश्वास हट्न सकेको छैन । दुई दलबिच खेल्ने प्रयासहरू भइरहेका छन् तर तिनको कुनै अर्थ छैन भन्ने निचोडमा दुवै नेता पुगेका छन । शान्ति प्रक्रियालाई टुङ्गोमा पुऱ्याउन सिफारिस कमिटीको सिफारिसका आधारमा अघि बढ्ने सहमति कार्यान्वयनमा आएको छासर्च कमिटीले दुवै आयोगका लागि अध्यक्ष र सदस्यका लागि १११ जनाबाट ३४ जनाको नाम सर्टलिस्ट गरेको छा शिक्षकको आन्दोलनबारे गम्भीरतापूर्वक छलफल भइरहेकाले यो समस्या अब धेरै लम्ब्याउन नहुने पक्षमा प्रधानमन्त्री र सभापति देउवा एकमत रहेको समाचार आउनासाथ शिक्षक महासंघको आन्दोलनमा निषेधित क्षेत्र तोड्ने काम हुनु र प्रहरीले दमन गर्नु परिस्थिति भड्काउने काम हो।अब सरकारले गर्न सक्ने मागका बारेमा शिक्षकलाई आस्वस्त पार्ने र दलहरूले शिक्षक आन्दोलनमा आफ्ना रोटी सेक्ने काम बन्द गर्नुपर्छ । सडकबाट आफ्ना माग सुनाउन सफल भएका शिक्षकले विद्यार्थीको भविष्य हेरेर कदम चाल्नुपर्छ । कांग्रेस सभापति शेरबहादुर देउवा वैशाख ७ मा उपचारका लागि थाइल्याण्डको राजधानी बैंकक गएसँगै सरकार ढल्ने चर्चा व्यापक भएको थियो । फर्केपछि चर्चा सेलाउदै गएपनि नेपालका नेताको चरित्र र विगतका कारण निश्चित हुन सकिदैन ।

# अण्डाको मूल्य बढाउने निर्णय

**रासस**
चितवन, १४ बैशाख

पछिल्लो समय निरन्तर घटेको अण्डाको मूल्य विस्तारै उकालो लाग्न थालेको छ । लागत मूल्यसमेत पाउन नसक्दा चिन्तित बनेका किसानले अण्डाको मूल्य बढ्न थालेपछि केही राहत महसुस गरेका छन् ।

गत वर्ष प्रतिक्रेट (३० गोटा) को रु पाँच सय २५ सम्म पुगेको अण्डाको मूल्य घटेर रु तीन सय ५० मा पुगेको थियो । अहिले मूल्यमा वृद्धि भएर रु चार सय ५० पुगेको छ । नेपाल लेयर्स कुखुरापालक सङ्घका अध्यक्ष विनोद पोखरेलका अनुसार आजबाट लागू हुनेगरी ठूलो अण्डाको समर्थन फार्म मूल्य प्रतिक्रेट (३० वटाको) रु चार सय ३०, मध्यमको रु तीन सय ८० र 'एक्सएल'को रु चार सय ५० कायम गरिएको छ । यसअघि ठूलो अण्डाको मूल्य रु रु तीन सय ५० मा झरेको थियो। सङ्घको शनिबार सम्पन्न छलफलले अण्डाको मूल्य बढाउने निर्णय गरेको उहाँले जानकारी दिनुभयो ।

एक्सएल अण्डा फार्म मूल्य प्रतिपेटी (सात क्रेट) रु तीन हजार १४०, ठूलो अण्डा रु तीन हजार र मझौलाको रु दुई हजार ६५० कायम गरिएको छ । योसँगै किसानलाई केही राहत मिल्ने उहाँले बताउनुभयो। नेपालमा अण्डाको लागत मूल्य प्रतिगोटा रु १६ दशमलव ५६ पर्न आउँछ । अण्डाको मूल्य उच्च हुँदा ठूलो अण्डा प्रतिपेटी रु तीन हजार छ सय ७५ सम्म पुगेको थियो । सो समयमा किसानले उत्पादन मूल्य पाएको भए पनि पछिल्ला दिनमा अण्डाको मूल्य घट्दा किसानले लागत मूल्यसमेत पाउन गाह्रो हुने गरेको पोखेलको भनाइ छ । उहाँले भन्नुभयो, "गर्मीका कारण अण्डा उत्पादन कम हुनु र बजारमा माग बढ्नुले अण्डाको मूल्य बढेको हो ।" उच्च गर्मीका कारण कुखुरामा विभिन्न खालका रोग देखिँदा उत्पादन निकै घटेको छ।

सङ्घका सचिव मदन पोखरेलका अनुसार अण्डा उत्पादन गर्ने कुखुरा घटेको र माग बढेको छ । अहिलेको अवस्थालाई हेर्दा अण्डाको मूल्य क्रमशः बढ्ने देखिन्छ", उहाँले भन्नुभयो, "अण्डाको मूल्य बढेपछि किसान उत्साहित बनेका छन् । अहिले दैनिक ३० लाख गोटा हाराहारी अण्डा उत्पादन हुँदै आएको छ ।" नेपालमा कुखुरापालक किसानले लागत मूल्य नपाएपछि धेरै विस्थापित भएका छन् ।

# नेपाललाई एक स्वर्ण, ६ रजत र पाँच कास्यसहित १२ पदक

**रासस**
काठमाडौं, १४ बैशाख

नेपालले दक्षिण एसियाली युथ टेबलटेनिस प्रतियोगितामा एक स्वर्ण, ६ रजत र पाँच कास्य पदकसहित आइतबार १२ पदक जितेको छ । यू-१९ र यू-१५ उमेर समूहमा १४ स्वर्णका लागि भएको प्रतिस्पर्धामा बाँकी १३ स्वर्ण भारतले कब्जा गऱ्यो ।

लैनचौरस्थित राष्ट्रिय टेबलटेनिस प्रशिक्षण केन्द्रमा भएको प्रतियोगिताको यू-१९ ब्वाइज टिम इभेन्टमा प्रवेश बस्नेत, गनञ्जय दाहाल, हिमाल विष्ट र रुविन महर्जनको टोलीले नेपाललाई स्वर्ण दिलाए ।

सोही स्पर्धाको गर्ल्समा नेपालका इभाना थापा, वियंका राई, योङ्गी पौडेल र दिया देउलाले रजत जिते । इभाना र वियंकाको जोडीले यू-१९ गर्ल्स डबल्समा पनि रजत हात पारे ।

यू-१५ गर्ल्स डबल्समा नेपालका शुभश्री श्रेष्ठ र प्रजिना महर्जनको जोडी दोस्रो भए ।

अखिल नेपाल टेबलटेनिस सङ्घद्वारा आयोजित प्रतियोगिताको यू-१५ ब्वाइज टिम इभेन्टमा प्रजिल भट्टराई, जयस्नु महर्जन, आर्यन शाही र रिजन शाक्य सम्मिलित नेपाली टोलीले रजत प्राप्त गरे । यू-१९ ब्वाइज डबल्समा नेपालका गनञ्जय दाहाल र प्रवेश बस्नेतको जोडी रजत जित्न सफल भए । यू-१५ ब्वाइज डबल्समा नेपालका प्रजिल भट्टराई र जयस्नु महर्जनको जोडी दोस्रो स्थानमा रहे ।

यू-१५ गर्ल्स टिम इभेन्टमा शुभश्री श्रेष्ठ, प्रजिना महर्जन, सुरम्य शाक्य र श्रृया शाक्य, यू-१९ मिक्स डबल्समा गनञ्जय दाहाल र इभाना, यू-१५ गर्ल्स सिङ्गल्समा शुभश्री, यू-१९ गर्ल्स सिङ्गल्समा इभाना, यू-१५ ब्वाइज सिङ्गल्समा प्रजिल भट्टराई तथा यू-१९ ब्वाइज सिङ्गल्समा गनञ्जय दाहालले नेपालका लागि कास्य जिते ।

विजेतालाई राष्ट्रिय खेलकुद परिषद्का सदस्य-सचिव टङ्क लाल घिसिङ, प्रदेश खेलकुद विकास परिषद्, बागमती प्रदेशका सदस्य-सचिव दीपक लामा, आयोजक सङ्घका अध्यक्ष वृजेन्द्रबहादुर हमाल, उपाध्यक्षद्वय सुमन खड्गी र पूर्णशङ्कर श्रेष्ठ, महासचिव कुवेरप्रकाश सिंहलगायतले एक कार्यक्रमबीच पुरस्कार प्रदान गर्नुभयो ।

चारदिने उक्त प्रतियोगितामा भूटानबाहेक ६ दक्षिण एसियाली राष्ट्रका ८५ खेलाडी सहभागी थिए । यू-१९ को ब्वाइज/गर्ल्स टिम इभेन्टमा पहिलो र दोस्रो हुने टोली उज्वेकिस्तानमा हुने एसियाली जुनियर टेबलटेनिसका लागि छनोट भएको आयोजकले जनाएको छ ।

# दोर्दी जोड्ने सडक अन्तिम चरणमा

**रासस**
लमजुङ, १४ बैशाख

दोर्दी गाउँपालिका केन्द्र जोड्ने सडक निर्माण अन्तिम चरणमा पुगेको छ । उक्त सडकको अझै २० प्रतिशत काम बाँकी छ ।

गण्डकी प्रदेश सरकारले एक पालिका एक सडक अभियानअन्तर्गत अघि बढाएको यहाँको यस उदीपुर-रिठ्ठेबगर-नौथर सडकको निर्माण हालसम्म ८० प्रतिशत सम्पन्न भएको लमजुङ पूर्वाधार विकास कार्यालयले जनाएको छ। दुई वर्षमा सम्पन्न गर्नुपर्ने यो सडकको स्तरोन्नति कार्य पाँच वर्ष हुन लाग्दा बल्ल ८० प्रतिशत हाराहारीमा छ ।

पूर्वधार कार्यालयका निमित्त प्रमुख विवेक सिग्देलले भन्नुभयो, "कोरोना सङ्क्रमणलगायत विविध कारण देखाउँदै ठेकेदारले निर्माणको काम ढिला गऱ्यो, अहिले पछिल्लो समयमा भने सरकारले रकम उपलब्ध गराउन नसक्दा पनि ठेकेदारले मन लगाएर काम नगर्दा निर्माण सुस्त भइरहेको छ ।" पटकपटक म्याद थप्दै काम गरे पनि थप गरिएको समयमा सकिन लाग्दा समेत काम सम्पन्न नहुँदा निर्माण ढिला भएको हो । यहाँ नाला बनाउने र स्टक्चरको काम अधिकांश सम्पन्न भएको निमित्त प्रमुख सिग्देलले बताउनुभयो । उहाँका अनुसार कालोपत्रका लागि बेस हाल्ने काम भइरहेको छ । प्रदेश सरकारको रु २६ करोड २९ लाखको लगानीमा सात दशमलव १२१ किलोमिटर कालोपत्र हुन लागेको हो ।

यस वर्षमात्र रु चार करोड १० लाख कार्यालयले भुक्तानी गरेको छ भने हालसम्म रु २१ करोड भुक्तानी गरेको निमित्त प्रमुख सिग्देलको भनाइ छ । सम्झौताअनुसार विसं २०७९ असार २ गतेभित्र कालोपत्र गरिसक्नुपर्ने भए पनि कोभिडलगायत कारण निर्माण सुरु हुन ढिलाइ हुँदा निर्माण कम्पनीले २०७९ पुससम्ममा पुनर्निर्माण लागि जिम्मेवारी पाएको थियो । उक्त समयभित्र पनि निर्माण सम्पन्न नभएपछि पुनः म्याद थप गर्दै २०८० असार २९ गतेसम्म सम्पन्न गर्ने सम्झौता गरेको थियो। पुनः म्याद थप गर्दै २०८१ मङ्सिर २८ गतेसम्म सम्पन्न गर्नेगरी सम्झौता भएको थियो । उक्त समयमा पनि निर्माण सम्पन्न नहुँदा हालसम्म पनि म्याद थप हुनसकेको छैन । सडकको निर्माण गर्न कन्टेक निर्माण प्रालि काठमाडौँले सडक २०७७ असार ३ गते सम्झौता भएको थियो। निर्माण ढिलाइका कारण पटकपटक म्याद थप गर्दै आए पनि अब भने संसोधन भएर आएमा मात्र पुनः म्याद थप हुने, नत्र म्याद थप गर्न नसकिने सिग्देलको भनाइ छ । हामीले बजेट पनि अपुग भएर बजेट सुनिश्चिताका लागि सम्बन्धित निकायमा पठाएको र तत्काललाई करिब रु दुई करोड अपुग रहेको कार्यालयका प्रमुख सिग्देलले बताउनुभयो । सरकारले बजेट निकासा गर्न नसक्दा पनि निर्माणकार्यमा ढिलाइ भएको उहाँको भनाइ छ । पूर्वाधार कार्यालयका अनुसार बैंसीसहर नगरपालिका-१ उदीपुरबाट बैंसीसहर नगरपालिका-११ हुँदै दोर्दी गाउँपालिका-४ स्थित दोर्दी गाउँपालिका जोड्ने यस सडकको अस्फाल्ट कालोपत्र हुने छ। सो सडकका दुई ठाउँमा गरी एक हजार ११३ घनमिटर सडक ढलान गरिने छ । गााउँपालिका केन्द्र जोड्ने मुख्य यस सडकको निर्माण ढिलाइ हुँदा पालिकावासीले कष्टकर यात्रा गर्न बाध्य हुँदै आएका छन् ।

# मध्यपहाडी राजमार्गको सुन्दरेखोलामा 'आर्क ब्रिज' निर्माण गरिँदै

**पोखरापत्र संवाददाता**
पर्वत, १४ बैशाख

पुष्पलाल मध्यपहाडी राजमार्ग आयोजनाअन्तर्गत पर्वत खण्डमा पर्ने सुन्दरेखोलामा मोटरेबल पुल निर्माण सुरु भएको छ । राजमार्गको पर्वतखण्ड कालोपत्र गरी सम्पन्न भएको दुई वर्षपछि पुल निर्माण सुरु भएको हो ।

पर्वतको कुश्मा नगरपालिका-८ चुवामा पर्ने सुन्दरेखोलामा पहिलोपटक 'आर्क ब्रिज' निर्माण सुरु भएको पुष्पलाल मध्यपहाडी लोकमार्ग आयोजना कार्यालयका इञ्जिनियर कल्पना मिश्रले जानकारी दिनुभयो। उहाँका अनुसार विगत तीन महिनादेखि पुल निर्माण सुरु गरिएको हो । असी मिटर लामो उक्त पुलको चौडाइ ११ मिटर हुने भएको छ । डबल स्पानको उक्त पुल सामान्य पुलभन्दा लामो भएकाले दुईवटा स्पान बनाएर निर्माण गर्न थालिएको हो। पुल निर्माणका लागि २०७९ भदौमा लुम्बिनी/प्राकृतिक जेभी काठमाडौँसँग सम्झौता भएको थियो । यो निर्माण कम्पनीसँग पर्वत र बागलुङको गरी एकैपटक पाँच पुल निर्माणका लागि सम्झौता भएको भए पनि हालम्म पर्वत खण्डको तमादीखोलामा मात्र पुल निर्माण सम्पन्न भएको छ । दोस्रो पुल निर्माण सुन्दरेखोलामा सुरु भएको पुष्पलाल मध्यपहाडी लोकमार्ग आयोजनाका इञ्जिनियर मिश्रले जानकारी दिनुभयो । इञ्जिनियर मिश्रका अनुसार रु नौ करोड ५० लाखको लागतमा निर्माण हुने सो पुलको निर्माणअवधि आगामी भदौसम्म छ। निर्धारित समयमै पुल निर्माण सम्पन्न गर्न निर्माण व्यवसायीलाई पर्याप्त मजदुर र उपकरण परिचालन गर्न भनिएको छ । हालसम्म पुलको एकतर्फका पिलरको काम सम्पन्न गरी अर्कातर्फको भागमा काम भइरहेको छ । समग्रमा अहिलेसम्म १० प्रतिशत जति प्रगति भएको छ। उक्त खोलामा पुल निर्माण नहुँदा दुई वर्षअघि बाढीले बगाएर दुई जनाको ज्यान गएको थियो। हिउँदयाममा सहज रूपमा यातायात सञ्चालन हुने भए पनि वर्षायाममा भने जोखिमपूर्ण यात्रा गर्न बाध्य हुनुपरेको छ । यो सडक हुँदै बागलुङ, म्याग्दी, मुस्ताङका साथै रुकुमका लागि सवारीसाधन आवतजावत गर्दछन् । अत्यधिक सङ्ख्यामा र उच्च भारवहन क्षमताका सवारीसाधन सो राजमार्गमा सञ्चालन हुने भएकाले आर्क प्रविधिको पुल निर्माण गर्न लागिएको हो । यो पुल अन्य मोटरेबलभन्दा बलियो, टिकाउ उच्च भारवहन क्षमताका साथै कम मात्रामा मर्मत गरे हुने खालको रहेको इञ्जिनियर मिश्रको भनाइ छ । पर्वतमा अझै दुई पुल निर्माणको काम बाँकी छ। मोदी गाउँपालिकाको पातीखोला र मोदीखोलामा दुईवटा पुल निर्माण गरिने भएको हो । कार्यालय प्रमुख शम्भु आचार्यका अनुसार मोदीखोलामा ६२ मिटर र पातीखोलामा हाल भइरहेको पुलको दुवैतर्फ ५२-५२ मिटर लामो दुईवटा पुल निर्माण हुनेछन् । उक्त पुलको डिजाइन स्वीकृतिमा ढिलाइ भएकाले निर्माणले गति लिन नसकेको उहाँले बताउनुभयो । उक्तनिर्माणकम्पनीलेबागलुङको काठेखोलामा पनि मोटरेबल पुल निर्माण गर्न लागेकाले सबै मोटरेबल पुलको लागत रु ४४ करोड १५ लाख रहेको कार्यालयले जनाएको छ। मध्यपहाडी लोकमार्गअन्तर्गत पोखरा-कुश्मा सडकको दुई वर्ष पहिला नै दुई लेनको सडक स्तरोन्नति भइसकेको छ। सडक दुई लेनको बने पनि पुरानो संरचनामा बनेका सिङ्गल लेनका पुलले सवारीको चाप धान्न गाह्रो भएकाले नयाँ पुल थप गर्ने योजना रहेको कार्यालयले जनाएको छ।

# विद्युत् आपूर्तिमा समस्या छैन, 'लोडसेडिङ' हुँदैन : प्राधिकरण

**रासस**
काठमाडौं, १४ बैशाख

नेपाल विद्युत् प्राधिकरणले विद्युत् आपूर्तिसम्बन्धी सामाजिक सञ्जालमा फैलिएको भ्रमप्रति गम्भीर ध्यानाकर्षण भएको जनाएको छ ।

प्राधिकरणले आज एक विज्ञप्ति जारी गरी विद्युत् आपूर्तिमा कुनै पनि समस्या नरहेकाले 'लोडसेडिङ' सम्भावना नरहेको स्पष्ट पारेको हो । प्राधिकरणले सामाजिक सञ्जालमा फैलिएका अतिरञ्जित हल्ला भ्रामक भएको भन्दै हाल लोडसेडिङ नभएको र आगामी दिनमा पनि घरायसी ग्राहकका लागि लोडसेडिङ नहुने स्पष्ट पारेको हो ।

औद्योगिक क्षेत्रका ग्राहकलाई बेलुकाको समयमा खपत कम गरेर सहयोग गर्न प्राधिकरणले अनुरोधसमेत गरेको छ । प्राधिकरणका अनुसार हाल देशभर विद्युत्को जडित क्षमता तीन हजार ५१२ मेगावाट रहेको छ । यसमध्ये प्राधिकरणको स्वामित्वमा रहेका जलविद्युत् आयोजना ६६२ मेगावाट, सौर्य २५ मेगावाट, तापीय ५३ मेगावाट (हाल बन्द), सहायक कम्पनीका आयोजना ६२३ मेगावाट तथा निजी क्षेत्रबाट उत्पादित दुई हजार १४९ मेगावाट रहेको छ।

हाल आन्तरिक उत्पादन औसतमा एक हजार १७५ मेगावाट रहेकोमा, विद्युत्को उच्च माग (पिक लोड) दुई हजार ७७ मेगावाट पुगेको प्राधिकरणले जनाएको छ।

## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : सहयोग मिल्नेछ | तुला | : ब्यापारमा लाभ |
| वृष | : अप्रत्यसित लाभ | वृश्चिक | : शत्रुको भय |
| मिथुन | : सत्कार मिल्नेछ | धनु | : झमेला बड्ने |
| कर्कट | : आर्थिक समस्या | मकर | : शुभ यात्रा |
| सिंह | : शारीरिक झमेला | कुम्भ | : स्वास्थ्यमा सुधार |
| कन्या | : मानसिक तनाब | मीन | : कार्यमा सफलता |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा–१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

## विमा लेख हरायो

एसियन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड दमौली शाखाबाट जारि गरिएको निम्न लिखित बीमालेख मिति २०८२/०१/१२ गते म्याग्देबाट पोखरा जाँदा हराएको हुँदा फेला पार्नुहुने महानुभावहरुले नजिकको एसियन लाइफ इन्स्योरेन्स लि. वा निम्नलिखित ठेगानामा सम्पर्क गर्न अनुरोध गर्दछु ।
नाम: श्रीकृष्ण पण्डित
विमा लेख नं. ६५२२००२१०८०
ठेगाना: म्याग्दे–२ तनहुँ
सम्पर्क नं.: ९८५७०३०४८५

**एसियन लाइफ इन्स्योरेन्स लिमिटेड**

# मुस्ताङमा खानेपानीका मुहान सुक्दै, कृषि र पशुपालनमा असर

**रासस**
मुस्ताङ, १४ बैशाख

पछिल्लो समय हिमाली जिल्ला मुस्ताङमा जलवायु सङ्कटका कारण खानेपानीका मुहान सुक्दै जान थालेका छन्। कृषि र पशुपालन व्यवसायमा समेत जलवायु सङ्कटले विभिन्न प्रकारका समस्या र चुनौतीहरू किसानले भेल्नुपर्ने बाध्यता आइपरेको छ।

जलवायु परिवर्तनको असरसँगै हिमाली क्षेत्रको तापमान बर्सेनि वृद्धि भइरहँदा यहाँको खानेपानी, कृषि र पशुपालनलगायतका क्षेत्रमा यस प्रकारको नकारात्मक प्रभाव देखिन थालेको स्थानीयवासी बताउँछन्। घरपभ्होङ र वारागुङ मुक्तिक्षेत्र गाउँपालिकामा आयोजित आगामी पञ्चवर्षीय ऊर्जा सम्भावनासम्बन्धी छलफल तथा अन्तरक्रिया कार्यक्रममा मुस्ताङको जोमसोमका स्थानीयवासीले जलवायु परिवर्तनको प्रभावका कारण खानेपानी, कृषि प्रणाली र पशुपालन क्षेत्रमा प्रतिकूल असर पुगेको बताएका छन्।

घरपभ्होङ र वारागुङ मुक्तिक्षेत्रमा जिआइजेट नामक सङ्ख्याले स्थानीय तहको पञ्चवर्षीय ऊर्जासम्बन्धी आधारभूत सर्वेक्षण गरिरहेको छ। उक्त सर्वेक्षणका क्रममा भएको छलफल तथा अन्तरक्रियामा जोमसोमका स्थानीयवासीले जलवायु सङ्कटले हिमाली जिल्ला मुस्ताङको खानेपानी, कृषि र पशुपालनलगायत जैविक विविधतामा असर पुर्‍याउँ दै गइरहेको औंल्याएका हुन्।

घरपभ्होङस्थित जोमसोमबजारमा हिमस्रोत घट्दै जाँदा खानेपानीको चरम समस्या देखिएको खानेपानी उपभोक्ता संस्थाका अध्यक्ष दीपक शेरचनले बताउनुभयो। जोमसोममा विगतको तुलनामा घरधुरीको सङ्ख्या वृद्धि हुँदै गइरहेको, व्यावसायिक क्षेत्र परेको र सरकारी कार्यालयसमेत रहेकाले यहाँ खानेपानी उपयोग अत्यधिक हुने भए पनि पछिल्लो समय मुहान सुक्दै जाँदा आवश्यकताअनुसार खानेपानीको सेवा पुर्‍याउन नसक्ने अवस्था रहेको अध्यक्ष शेरचनले सुनाउनुभयो। मुस्ताङको बजारको खानेपानी उपभोक्ताको माग धान्न मुस्किल परेकाले वैकल्पिक उपाय अवलम्बन गर्नुपर्नेमा उहाँले जोड दिनुभयो। जोमसोम बजारका लागि खानेपानी आपूर्तिका लागि तीनवटा हिमस्रोत रहेको भए पनि जलवायु सङ्कटका कारण मौसमी तापक्रमको असरले उल्लिखित खानेपानीको स्रोत घट्दै गइरहेको अध्यक्ष शेरचनले बताउनुभयो। जोमसोम बजारका लागि खानेपानी सेवा पुर्‍याउन जोमसोमको कुड्ले लेंक र ठिनी १/२ को पानीको मुहान सुरक्षित रहे पनि ती स्रोतहरू हिमस्रोत सुक्दै जाँदा खानेपानीको अभाव भएको छ। "व्यावसायिक क्षेत्र भएकाले खानेपानीको माग बढी छ", उहाँले भन्नुभयो, "पानीको स्रोत घट्दो छ, यसैले अन्य ऊर्जा सम्भावना खोजेर दीर्घकालीन समस्या खोज्नुपर्ने आवश्यकता छ।" हिमाली क्षेत्रको मुख्य फलफूल बाली स्याउलगायत अन्य रैथाने बालीको व्यवस्थापन र मलजल गर्ने बेलामा हिउँ पर्न छाडेको र स्याउको फूल फुल्ने बेलामा निरन्तर वर्षा हुँदा यहाँ स्याउलगायतका अन्नबालीमा क्षति पुग्ने गरेको घरपभ्होङ–४ का किसान राजेन्द्र शेरचनले बताउनुभयो।

अनुकूल मौसममा हिउँ नपर्नु र बेमौसममा हिउँ पर्दा फलफूल बगैँचामा फुल्दै गरेका फूलहरू भर्ने तथा तापमान वृद्धिले स्याउलगायतका अन्नबालीमा विभिन्न रोगकिराको सङ्क्रमण देखापर्दा स्याउलगायतका अन्नबालीको उत्पादन र गुणस्तर खस्किन थालेको घरपभ्होङका किसान शेरचनले उल्लेख गर्नुभयो। मौसम परिवर्तनका कारण मुस्ताङमा कुनै वर्ष पर्याप्त स्याउ उत्पादन हुने र कुनै वर्ष न्यून हुने गरेको किसान बताउँछन्। घरपभ्होङका पशुपालक किसान भूपेन्द्र शेरचनले जलवायु परिवर्तनको असर यहाँका पशुपालन व्यवसायमा देखिन थालेको बताउनुभयो। हिमाली उच्चलेंकमा हिउँ नपर्दा चरन क्षेत्रमा घाँस पलाउन छोडेको उहाँले बताउनुभयो। "हिमस्रोत घट्दा उच्चलेंकमा याकचौँरीको व्यवस्थापनमा समेत समस्या परेको छ, वन्यजन्तुको जोखिम पनि यसैका कारण थपिएको छ", उहाँले भन्नुभयो।



मुक्तिनाथमा दर्शनार्थीको घुइँचो : हिन्दु तथा बौद्ध धर्मावलम्बीको आस्थाको केन्द्र मुक्तिनाथ मन्दिरमा बिहान छ बजेदेखि नै श्रद्धालु भक्तजनको घुइँचो। आइतबार मातातीर्थ औँसीको अवसरमा मुक्तिनाथ मन्दिरमा भक्तजनको भीडभाड रहेको छ। तस्बिरः सुशीलबाबु थकाली/रासस

# बाढीसम्बन्धी सूचनाले सुरक्षित तालगाउँ

**पोखरापत्र संवाददाता**
मनाङ, १४ बैशाख

नार्सों गाउँपालिका-१ तालगाउँमा मर्स्याङ्दी नदी तटीय क्षेत्रका बासिन्दालाई प्राकृतिक विपद्बाट बचाउन मानव विकास तथा सामुदायिक सेवा केन्द्र (एचडिसिएस) ले बाढीसम्बन्धी सूचना दिने साइरन जडान गरेको छ। गाउँपालिका र एचडिसिएसको सहकार्यमा रु २६ लाखको लागतमा तालगाउँमा साइरन जडान गरेपछि स्थानीय विपद्बाट बच्ने भन्दै खुसी भएका छन्।



विसं २०७८ असार १ मा मनाङमा भीषण वर्षा भयो। वर्षासँगै आएको बाढीले मर्स्याङ्दी नदी किनारका कैयौँ स्थानीयलाई घरबारविहित बनायो। बाढीले क्षतिग्रस्त भएपछि लामो समयसम्म गाउँले पालमुनि बस्न बाध्य भएका थिए।

बाढीले सबैभन्दा बढी नार्सों गाउँपालिका-१ ताल गाउँमा क्षति पुर्‍याएको थियो। नार्सों-१ का वडाध्यक्ष मीनरासी गुरुङका अनुसार तालगाउँमा ६३ परिवार छन्। मर्स्याङ्दी नदी किनारसँगैको बस्ती भएकाले यहाँका अधिकांश घरमा बाढी पसेको थियो। पटकपटक बाढी आउँदा लाखौँको धनमाल गुमाएका तालगाउँवासीले अब विपद् आउनु पूर्व सूचना पाउने भएपछि खुसी भएका हुन्।

वडाध्यक्ष मीनरासी गुरुङले साइरन जडानपछि वर्षाको समयमा गाउँले ढुक्कसँग निदाउन पाउने भएको भन्दै खुसी व्यक्त गर्नुभयो। लमजुङसँग सीमा जोडिएको तालगाउँलाई विपद्बाट जोगाउन पूर्व सूचना दिने साइरन जडान गरिएको एचडिसीएसका मनोसामाजिक परामर्शदाता शोभा ठकुरीले जानकारी दिनुभयो। उहाँका अनुसार नार्सों-८ को धारापानीमा राखिएको एक यन्त्रले मर्स्याङ्दी नदीमा पानीको सतह मापन गर्नेछ। स्वचालित उक्त यन्त्रले मर्स्याङ्दी नदीमा खतराको सतह पार गरेको सङ्केत गर्नासाथ साइरन बज्न थाल्ने ठकुरीले बताउनुभयो। साइरन तालगाउँभरि सुनिने गरी राखिएको छ। साइरनसँगै खतराको सङ्केतको सूचना मोबाइल एसएमएसबाट पनि जाने प्रबन्ध गरिएको उहाँले उल्लेख गर्नुभयो। यदि विद्युत् आपूर्ति बन्द भएमा, इन्टरनेट बन्द भएमा पनि कटुवालमार्फत खतरासम्बन्धी सूचना गाउँलेले थाहा पाउने छन्। स्थानीय सुरक्षित स्थानतर्फ जान सक्ने प्रबन्ध गरिएको ठकुरीले जानकारी जानकारी दिनुभयो। सुरक्षित स्थानका लागि स्थानीय फुटबल खेल मैदानलाई प्रयोग गर्नेगरी स्थानीय गाउँमा रहेको मर्स्याङ्दी युवा क्लबसँग समन्वय गरिएको छ। यसअघिको डुबानका बेलामा पनि उक्त ठाउँमा पानी सतह पुग्न सकेको थिएन।

साइरन जडानपछि स्थानीय जनप्रतिनिधि, आमा समूह, युवा क्लबका पदाधिकारी, प्रहरी र स्वास्थ्य चौकी तथा स्थानीय बासिन्दालाई एक दिने प्राथमिक मनोसामाजिक सहयोगसम्बन्धी तालिम पनि दिइएको थियो।

# गलकोट नगरपालिकाको भवन निर्माणमा विलम्ब

**पोखरापत्र संवाददाता**
बागलुङ, १४ बैशाख

जिल्लास्थित गलकोट नगरपालिकाको भवन निर्माणमा ढिलाइ भएको छ।

निर्माण कम्पनीको लापरबाहीका कारण सम्झौता अवधि सकिँदा ४० प्रतिशतमात्र काम भएको हो। भवन निर्माणका लागि निर्माण कम्पनी काठमाडौँले २०८१ साल मङ्सिर २९ गतेसम्म निर्माण सम्पन्न गर्नेगरी २०७९ असार १४ गते सम्झौता भएको थियो।

निर्माण कम्पनीले समयावधिभित्र काम नसकेपछि कार्यापालिकाको बैठकले गत माघमा एक वर्ष म्याद थप गरेको थियो। म्याद थप गरेको महिनौँ बितिसक्दा पनि निर्माण कम्पनीले कामको गतिलाई बढाउन सकेको छैन। छतले भवनको हालसम्म पाँच तलामात्र ढलान भएको गलकोट नगरपालिकाका इन्जिनियर बलविक्रम दाहालले जानकारी दिनुभयो। भवन रु १२ करोड ४१ लाख ५५ हजार लागतमा बन्न थालेको इन्जिनियर दाहालको भनाइ छ। नगरपालिकाले आफ्नो भवन नहुँदा मासिक रु दुई लाख भाडा तिरेर कार्यालय सञ्चालन गर्दै आएको छ। गलकोट नगरपालिका-६ चरौँदीमा सात रोपनी व्यवस्थापन गरेर भवन निर्माण थालेको पालिकाले अहिले भाडाको घरबाट सेवा सञ्चालन गर्दै आएको छ।

भाडाको घरबाट कार्यालय सञ्चालन गर्दा सेवा प्रवाहमा समस्या हुने गरेको गलकोट नगरपालिकाका प्रवक्ता हिमबहादुर भण्डारीले बताउनुभयो। लामो समयसम्म निर्माण कम्पनीले ढिलासुस्ती गर्दा नगरपालिकाले बर्सेनि लाखौँ रकम घर भाडामा खर्चनुपरेको सुनाउनुभयो। अहिलेसम्म आधा काम पनि नहुँदा म्याद थप गरेको समयभित्र सम्पन्न हुने सम्भावना कम भएको भण्डारी बताउनुहुन्छ। आफूहरूले बारम्बार ठेकेदारलाई काम गर्न आग्रह गरे पनि बेवास्ता गरेको उहाँको भनाइ छ। "यो भवन एक वर्ष अगाडि नै सकिनुपर्थ्यो, विभिन्न समस्या होला भनेर नगरपालिकाले केही समय म्याद थप गरिदियो, तर अहिले पनि निर्माण कम्पनीले उदासिनता देखाएको छ", प्रवक्ता भण्डारीले भन्नुभयो, "अझै एक तला ढलान गर्न र अन्य काम गर्न बाँकी छ, अरुको घर भाडामा लिएर काम गर्दा समस्या भएको छ, एउटा घरमा सबै शाखा राख्न सकिँदैन, धेरै घरमा राख्दा सेवाग्राहीलाई पनि समस्या भएको छ।"

# जग्गाको पुर्जा पाएपछि धार्चेका भूमिहीन दलित परिवार खुसी

**रासस**
गोरखा, १४ बैशाख

धार्चे गाउँपालिकाले भूमिहीन दलित परिवारलाई शनिबार जग्गाधनी पुर्जा (लालपुर्जा) वितरण गरेको छ। गाउँपालिकाका अध्यक्ष लक्ष्मण गुरुङले भूमि समस्या समाधान आयोग जिल्ला समिति मार्फत भूमिहीन दलित परिवारलाई लालपुर्जा उपलब्ध गराइएको जानकारी दिनुभयो। मङ्गले विक, राजु विक ,आइतसिंह कामी र रामबहादुर कामीलाई जग्गाको पुर्जा प्रदान गरिएको हो। विसं २०८० चैतमा नै गाउँपालिकाले आयोगसँग समन्वय गरी भूमिहीन दलितलाई पुर्जा वितरणको अन्तिम तयारी गरेको भए पनि सरकारले तत्कालीन आयोग खारेज गरेपछि पुर्जा वितरणको काम झन्डै डेढ वर्षदेखि रोकिँदै आएको थियो। गाउँपालिकामा भूमिहीन सुकुम्बासीको भने कुनै निवेदन नपरेको गाउँपालिकाका अध्यक्ष गुरुङको भनाइ छ।



धार्चेमा अव्यवस्थित बसोबासी भने दुई सय ५० भन्दा बढीको निवेदन परेको र उनीहरूलाई जग्गाधनी पुर्जा उपलब्ध गराउनका निम्ति आवश्यक प्रक्रिया अघि बढाएको जनाइएको छ। गण्डकी प्रदेशसभाका सदस्य नन्दप्रसाद न्यौपानेले दलित पविारलाई पुर्जा हस्तान्तरण गर्नुभएको हो। विसं २०७९ असारमा आयोगसँग गोरखाका ११ स्थानीय तहले भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीलाई जग्गा उपलब्ध गराउन प्रक्रिया अगाडि बढाउने सहमति गरेका थिए। वर्षौंपछि आफूले खेतीपाती गर्दै आएको जग्गाको पुर्जा पाएपछि धार्चेका भूमिहीन दलित परिवार खुसी भएका छन्। "आफ्नो नाममा जग्गाको पुर्जा नपाई मरिन्छ कि भन्ने लागेको थियो, भूमिहीन दलितमध्येका एक आइतसिंहले भन्नुभयो, "गाउँपालिकाले पहल गरेर पुर्जा आफ्नै नाममा दिनुभयो, धेरै खुसी लागेको छ।"

# मध्यपहाडी राजमार्गको सुन्दरेखोलामा 'आर्क ब्रिज' निर्माण गरिँदै

**रासस**
पर्वत, १४ बैशाख

पुष्पलाल मध्यपहाडी राजमार्ग आयोजनाअन्तर्गत पर्वत खण्डमा पर्ने सुन्दरेखोलामा मोटरेबल पुल निर्माण सुरु भएको छ। राजमार्गको पर्वतखण्ड कालोपत्र गरी सम्पन्न भएको दुई वर्षपछि पुल निर्माण सुरु भएको हो।

पर्वतको कुश्मा नगरपालिका-८ चुवामा पर्ने सुन्दरेखोलामा पहिलोपटक 'आर्क ब्रिज' निर्माण सुरु भएको पुष्पलाल मध्यपहाडी लोकमार्ग आयोजना कार्यालयका इञ्जिनियर कल्पना मिश्रले जानकारी दिनुभयो। उहाँका अनुसार विगत तीन महिनादेखि पुल निर्माण सुरु गरिएको हो। असी मिटर लामो उक्त पुलको चौडाइ ११ मिटर हुने भएको छ। डबल स्पानको उक्त पुल सामान्य पुलभन्दा लामो भएकाले दुईवटा स्पान बनाएर निर्माण गर्न थालिएको हो। पुल निर्माणका लागि २०७९ भदौमा लुम्बिनी/प्राकृतिक जेभी काठमाडौँसँग सम्झौता भएको थियो। यो निर्माण कम्पनीसँग पर्वत र बागलुङको गरी एकैपटक पाँच पुल निर्माणका लागि सम्झौता भएको भए पनि हालम्म पर्वत खण्डको तमादीखोलामा मात्र पुल निर्माण सम्पन्न भएको छ। दोस्रो पुल निर्माण सुन्दरेखोलामा सुरु भएको पुष्पलाल मध्यपहाडी लोकमार्ग आयोजनाका इञ्जिनियर मिश्रले जानकारी दिनुभयो। इञ्जिनियर मिश्रका अनुसार रु नौ करोड ५० लाखको लागतमा निर्माण हुने सो पुलको निर्माणअवधि आगामी भदौसम्म छ। निर्धारित समयमै पुल निर्माण सम्पन्न गर्न निर्माण व्यवसायीलाई पर्याप्त मजदुर र उपकरण परिचालन गर्न भनिएको छ। हालसम्म पुलको एकतर्फका पिलरको काम सम्पन्न गरी अर्कातर्फको भागमा काम भइरहेको छ। समग्रमा अहिलेसम्म १० प्रतिशत जति प्रगति भएको छ। उक्त खोलामा पुल निर्माण नहुँदा दुई वर्षअघि बाढीले बगाएर दुई जनाको ज्यान गएको थियो। हिउँदयाममा सहज रूपमा यातायात सञ्चालन हुने भए पनि वर्षायाममा भने जोखिमपूर्ण यात्रा गर्न बाध्य हुनुपरेको छ। यो सडक हुँदै बागलुङ, म्याग्दी, मुस्ताङका साथै रुकुमका लागि सवारीसाधन आवतजावत गर्दछन्। अत्यधिक सङ्ख्यामा र उच्च भारवहन क्षमताका सवारीसाधन सो राजमार्गमा सञ्चालन हुने भएकाले आर्क प्रविधिको पुल निर्माण गर्न लागिएको हो। यो पुल अन्य मोटरेबलभन्दा बलियो, टिकाउ उच्च भारवहन क्षमताका साथै कम मात्रामा मर्मत गरे हुने खालको रहेको इञ्जिनियर मिश्रको भनाइ छ। पर्वतमा अझै दुई पुल निर्माणको काम बाँकी छ। मोदी गाउँपालिकाको पातीखोला र मोदीखोलामा दुईवटा पुल निर्माण गरिने भएको हो। कार्यालय प्रमुख शम्भु आचार्यका अनुसार मोदीखोलामा ६२ मिटर र पातीखोलामा हाल भइरहेको पुलको दुवैतर्फ ५२-५२ मिटर लामो दुईवटा पुल निर्माण हुनेछन्। उक्त पुलको डिजाइन स्वीकृतिमा ढिलाइ भएकाले निर्माणले गति लिन नसकेको उहाँले बताउनुभयो। उक्त निर्माण कम्पनीले बागलुङको काठेखोलामा पनि मोटरेबल पुल निर्माण गर्न लागेकाले सबै मोटरेबल पुलको लागत रु ४४ करोड १५ लाख रहेको कार्यालयले जनाएको छ। मध्यपहाडी लोकमार्गअन्तर्गत पोखरा-कुश्मा सडकको दुई वर्ष पहिला नै दुई लेनको सडक स्तरोन्नति भइसकेको छ। सडक दुई लेनको बने पनि पुरानो संरचनामा बनेका सिङ्गल लेनका पुलले सवारीको चाप धान्न गाह्रो भएकाले नयाँ पुल थप गर्ने योजना रहेको कार्यालयले जनाएको छ।

# लेक लागेर तीर्थालुको मृत्यु

**पोखरापत्र संवाददाता**
मुस्ताङ, १४ बैशाख

मुक्तिनाथ दर्शनका लागि मुस्ताङ आउँदै गरेका एक तीर्थालुको लेक लागेर मृत्यु भएको छ।

जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी एवं प्रहरी निरीक्षक विशाल अधिकारीका अनुसार लेक लागेर स्याङ्जाको कालीगण्डकी गाउँपालिका-२ का ७५ वर्षीय गोपीराम गाहाको मृत्यु भएको हो। उनको प्रदेश अस्पताल जोमसोममा आज मृत्यु भएको हो।

स्याङ्जाबाट मुक्तिनाथ दर्शन तथा कागबेनीधाममा श्राद्ध गर्ने उद्देश्यले २३ जनाको टोलीका साथमा गाहा मुस्ताङ आउँदै गरेका थिए।

स्याङ्जाबाट म्याग्दी हुँदै मुस्ताङ आउने क्रममा मुस्ताङको मार्फा आइपुग्दा गाहालाई लेक लागेको थियो। स्वास्थ्यमा समस्या देखिएपछि उनलाई प्रदेश अस्पताल भर्ना गरिएको थियो।